**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : ८ मिति : २०७९/०५/२३

**भाग-२**

**चौरजहारी नगरपालिका**

**प्रमाणित मिति :-** २०७९/०५/२४

चौरजहारी नगरपालिका

## चौरजहारी नगरपालिकाको कृषक प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

**प्रस्तावना**

नेपालमा कृषि र पशुपालनको अवस्था र व्यवसाय उन्मुख कृषि र पशुपालनलाई व्यवस्थित र दिगो बनाउन कृषि तथा पशुजन्य उत्पादनको परिमाण र गुणस्तर वृद्धि गर्दै कृषि तथा पशुपालन व्यवसायलाई दीगो बनाउन व्यावसायिक क्षमताको आधारमा प्रोत्साहन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरिएको छ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ:**

(क) यो कार्यविधिको नाम 'चौरजहारी नगरपालिकाको कृषक प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९' रहेको छ।

(ख) यो कार्यविधि चौरजहारी नगरपालिका क्षेत्रभित्र लागु हुनेछ।

(ग) यो कार्यविधि चौरजहारी नगरकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) 'कार्यविधि' भन्नाले 'कृषक प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९' सम्झनु पर्दछ।

(ख) 'नगरपालिका' भन्नाले चौरजहारी नगरपालिका र 'नगरकार्यपालिका' भन्नाले चौरजहारी नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) 'आर्थिक विकास समिति' भन्नाले चौरजहारी नगरकार्यपालिकाले गठन गरेको आर्थिक विकास समिति सम्झनु पर्दछ ।

(घ) 'शाखा' भन्नाले चौरजहारी नगरकार्यपालिकाको आर्थिक विकास शाखा र 'कार्यक्रम' भन्नाले चौरजहारी नगरसभाबाट स्वीकृत भएका कृषि तथा पशु सेवा सम्वन्धी कार्यक्रमहरु सम्झनु पर्दछ ।

(ङ) 'सेवा केन्द्र' भन्नाले आर्थिक विकास शाखा मातहतमा चौरजहारी नगरपालिका क्षेत्रमा सञ्चालित पशु सेवा केन्द्र / कृषि सेवा केन्द्र सम्झनु पर्दछ ।

(च) 'व्यवसायी' भन्नाले कृषि पेशामा आवद्ध भई व्यावसायीक रुपमा कृषि बाली, पशुपन्छी, माछा, मौरीपालन तथा जडिबुटी लगायतका कृषि व्यवसाय गर्ने कृषक तथा कृषि उद्यमीलाई समेत सम्झनु पर्छ ।

(छ) 'प्रोत्साहनग्राही' भन्नाले यस कार्यविधि अनुरुप प्रोत्साहन प्राप्त गर्ने व्यावसायीलाई सम्झनु पर्छ ।

(ज) 'कार्यक्रम' भन्नाले व्यवसायको क्षमता र उत्पादन परिमाणको आधारमा प्रोत्साहन कार्यक्रम सम्झनु पर्छ ।

**३. प्रोत्साहन प्रवाह गर्ने निकाय :** चौरजहारी नगरपालिका आर्थिक विकास शाखा तथा मातहतका सेवा केन्द्रहरु रहनेछन् ।

**४. सूचना प्रवाह र आवेदन सङ्कलन :** (१) कृषक प्रोत्साहन कार्यक्रमका लागि सहभागी हुन कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद नियमानुसार प्रक्रिया पुऱ्याएर अनुसूची - १ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी आवेदन आव्हान गर्नु पर्नेछ ।

(२) प्रस्ताव सम्बन्धित सरोकारवाला सवैको जानकारीका लागि नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, सेवा केन्द्रका साथै स्थानीय एम.एम.रेडियोबाट समेत सूचना प्रकाशन र प्रसारण गर्नुपर्नेछ ।

(३) प्रस्ताव आह्वानको सूचनाबमोजिम तोकिएको समयभित्र सहभागी हुन चाहने व्यावसायीक कृषक तथा कृषि उद्यमीहरूले कार्यालयले जारी गरेको सूचना बमोजिम निर्दिष्ट गरेको अनुसूची-२ अनुसारको ढाँचामा आफ्नो कृषि व्यवसायले उत्पादन उत्पादकत्व तथा रोजगारीमा दिएको योगदान स्पष्ट हुने गरी आवेदन पेस गर्नु पर्नेछ ।

**५. प्रोत्साहनग्राही छनौट र प्रोत्साहन प्रवाह गर्ने विधि :** (१) व्यवसायीको क्षमता र उत्पादन परिमाणको आधारमा प्रोत्साहनग्राही छनौट गरिनेछ ।

चौरजहारी नगरपालिका

(२) प्रतिफल गणनाका लागि स्वीकृत बजेटको परिधिभित्र रही नगरपालिकामा तोकिएका प्राथमिक व्यावसायीक बाली, पशुपन्छी तथा मत्स्य पोखरी सङ्ख्या, क्षेत्रफल र उत्पादनलाई आधार मानिनेछ ।

**६. प्रोत्साहन छनोट समिति** : (१) प्रोत्साहन छनोटका लागि सिफारिस गर्न देहायबमोजिमको सिफारिस समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी - संयोजक

(ख) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

(ग) पूर्वाधार विकास शाखा प्रमुख वा प्रतिनिधि – सदस्य्

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) कृषि सेवा केन्द्र प्रमुख – सदस्य

(च) पशुसेवा केन्द्र प्रमुख – सदस्य

(छ) आर्थिक विकास शाखा प्रमुख – सदस्य सचिव

(२) समितिले अनुसूची ३ मा उल्लेखित मापदण्डको आधारमा प्रोत्साहनग्राहीको निवेदन छनोट समितिले मूल्याङ्कन गरी प्रोत्साहनका लागि सिफारिस गर्नेछ ।

(३) समितिले प्रोत्साहनग्राहीको छनोटका लागि विशेषज्ञको रुपमा जिल्ला स्थित सम्बन्धित कार्यालयबाट आमन्त्रण गर्न सक्नेछ ।

**७. अनुगमन मूल्याङ्कन** : कार्यक्रमको कार्यान्वयनका क्रममा नगरपालिका स्तरीय योजना तथा कार्यक्रम अनुगमन समिति तथा वडास्तरीय अनुगमन समितिमार्फत जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

**८. पुरस्कार र कार्वाहीको व्यवस्था :** (१) उदाहरणीय काम गर्ने उत्कृष्ट व्यवसायीलाई कदरपत्र सहित सम्मान गरिनेछ ।

(२) झुटा विवरण पेश गरी प्रोत्साहन रकम प्राप्त गरेको पाइएमा प्रचलित कानूनबमोजिम कारवाही गरी भविष्यमा सेवा सुविधा नदिने गरी को सूचिमा राखिनेछ ।

**९. कानून बमोजिम हुने:** यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

**१०. थपघट र हेरफेर गर्न सक्ने :** (१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यक्ताअनुसार थपघट, हेरफेर तथा खारेज गर्न

गौरादहा नगरपालिका

सक्नेछ।

**११. बाधा अड्काउ फुकाउ :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

धौरजहरी नगरपालिका

## अनुसूची-१

(दफा ४ (१) सँग सम्बन्धित)

### कृषक प्रोत्साहन कार्यक्रममा सहभागी हुन आवेदन पेस गर्ने सूचना !
**(प्रकाशन मिति : …………..)**

चौरजहारी नगरपालिका रुकुम (पश्चिम) को आर्थिक वर्ष ………को स्वीकृत वार्षिक कार्यक्रमअनुसार कृषक तथा कृषि उद्यमीलाई कृषक प्रोत्साहन गर्ने कार्यक्रम रहेको हुँदा यस चौरजहारी नगरपालिकाका इच्छुक कृषक तथा कृषि उद्यमीहरूबाट २०७……. कार्यालय समयभित्र चौरजहारी नगरपालिकाको आर्थिक विकास शाखा तथा मातहतका सेवा केन्द्रहरूमा तपसिलका कागजातहरु संलग्न गरी आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि नगर कार्यपालिका कार्यालयको आर्थिक विकास शाखामा सम्पर्क गर्न सकिनेछ।

**<u>आवश्यक कागजात</u>**

१. नेपाली नागरिकताको प्रतिलिपि
२. निजी फर्मको हकमा संस्था दर्ता / नविकरण गरिएको प्रमाणपत्रको प्रतिलिपि,
३. सम्वन्धित वडा कार्यालयको सिफारिस,
४. निजी फर्मको हकमा गत आ.व.को करचुक्ताको प्रतिलिपि,
५. जग्गा धनी दर्ता प्रमाण पूर्जा वा भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि,
६. जग्गाको तिरो तिरेको रसिद,
७. अन्य आवश्यक कागजातहरू।

चौरजहारी नगरपालिका

अनुसूची-२

(दफा ४ (३) सँग सम्बन्धित)

निवेदन ढाँचा

मिति :

**विषय : कृषक प्रोत्साहन कार्यक्रममा सहभागी गराइ पाऊँ ।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुकुम पश्चिम ।

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) को मिति ...................... प्रकाशित सूचनाअनुसार कृषक प्रोत्साहन कार्यक्रममा सहभागी हुन यस चौरहजारी नगरपालिका वडा नं. ..... टोल ............. मा पर्ने म................. कृषक/ कृषि फर्म / उद्यमीले कृषक प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधिको अनुसूचीमा संलग्न फारम भरी यो आवेदन पेस गरेको छु ।

**निवेदक**

नाम :

पद:

सम्पर्क नं. :

फर्मको नाम :

चौरजहारी नगरपालिका

**अनुसूची-२**
**(दफा ४ (२) सँग सम्बन्धित)**
**निवेदनसाथ पेस गर्ने प्रस्तावको ढाँचा**

१. कार्यक्रममा सहभागी हुने व्यवसायी / कृषकको नाम :
२. स्थायी ठेगाना :
३. श्रोतसाधनको विवरण :

| क्र.सं. | विवरण | इकाइ | परिमाण |
|---|---|---|---|
| १ | कुल जग्गाको क्षेत्रफल (लिजमा लिएको जग्गा समेत) | | |
| २ | कुल खेती गरिएको क्षेत्रफल | | |
| ३ | पशुपालनमा प्रयोग गरिएको जग्गाको क्षेत्रफल | | |
| ४ | सिंचित क्षेत्रफल | | |
| ५ | सिंचित श्रोत | | |
| ६ | कूलो | | |
| ७ | कृषि तथा पशुपन्छीजन्य यन्त्र उपकरणहरूको विवरण तथा अवस्था | | |

**४. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरण**

| क्र.सं. | विवरण | इकाइ | क्षेत्रफल / परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | तरकारी बाली | | | |
| २ | फलफूल खेती | | | |
| ३ | रैथाने बाली (फापर, कोदो, चिनो, कागुनो, लट्टे) | | | |
| ४ | उन्नत भैसी | | | |
| ५ | उन्नत गाई | | | |
| ६ | बाख्रा | | | |
| ७ | भेडा | | | |
| ८ | स्थानीय जातको कुखुरा | | | |

गोरखा नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| ९ | लेयर्स कुखुरा | | | |
| १० | नगदेबाली (अलैंची, कफि, उखु आदि) | | | |
| ११ | खाद्यान्न बाली | | | |
| १२ | दाल बाली | | | |
| १३ | तेल बाली | | | |
| १४ | मसला बाली | | | |
| १५ | माछापालन | | | |
| १६ | मौरीपालन | | | |

**५. कृषि पेसामा संलग्न कामदारहरूको विवरण**

| क्र.सं. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | पशुपालन कार्यमा | | | |
| ३ | पन्छीपालन कार्यमा | | | |
| ४ | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

**६. लगानी स्थिति**

| **क्र.सं.** | **खर्चको किसिम** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | जम्मा खेती खर्च | | |
| २ | जम्मा पशुपालन खर्च | | |
| ३ | जम्मा पन्छीपालन खर्च | | |
| ४ | प्रशोधन तथा बजारीकरण खर्च | | |
| ५ | औजार उपकरण खर्च | | |
| | जम्मा खर्च | | |

**७. व्यवसायमा भएको लगानीको श्रोत**

| **क्र.सं.** | **लगानीको श्रोत** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | बैंकबाट लिएको ऋण रकम | | |
| २ | वित्तिय संस्थाबाट लिएको ऋण रकम | | |
| ३ | समूह/सहकारीबाट लिएको ऋण रकम | | |
| ४ | साह/छिमेकीबाट लिएको ऋण रकम | | |

| | | | |
|---|---|---|---|
| ५ | आफ्नै आम्दानीबाट व्यहोरेको रकम | | |
| | कुल जम्मा | | |

**८. व्यवसायबाट आम्दानीको स्थिति**

| क्र.सं. | आम्दानीको किसिम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशुपालन कार्यबाट | | |
| ३ | पन्छापालन कार्यबाट | | |
| ४ | अन्य आम्दानी | | |
| | जम्मा आम्दानी | | |

घोराही नगरपालिका

**अनुसूची – ३**
**(दफा ६ (२) सँग सम्बन्धित)**
**प्रोत्साहन उपलब्ध गराउने मापदण्ड**

| क्र. सं. | व्यवसायको प्रकार | मापदण्ड | प्रोत्साहन रकमको सीमा | कैफियत |
|---|---|---|---|---|
| १ | तरकारी बाली | कम्तिमा ३ रोपनी जमिनमा खेती गरेको | ➢ ३ रोपनीका लागि रु. २० हजार<br>➢ ३ रोपनी भन्दा बढीको हकमा प्रतिरोपनी रु २ हजारका दरले बढिमा ५० हजारसम्म | |
| २ | फलफुल खेती | कम्तिमा १०० फल्ने विरुवा | ➢ १०० फल्ने विरुवाको लागि रु. २० हजार<br>➢ १०० फल्ने विरुवा भन्दा वढीको हकमा प्रति विरुवा रु १००/-का दरले बढिमा ५० हजारसम्म | |
| ३ | रैथाने बाली (फापर, कोदो, चिनो, कागुनो, लट्टे) | कम्तिमा ३ रोपनी जमिनमा खेती गरेको | ➢ ३ रोपनीका लागि रु. २० हजार<br>➢ ३ रोपनी भन्दा बढीको हकमा प्रतिरोपनी रु २ हजारका दरले बढिमा ५० हजारसम्म | |
| ४ | उन्नत/वर्णशंकर भैसी | कम्तिमा ३ वटा दुध दिने भैसीपालन गरेको | ➢ ३ वटा भैसीको लागि रु. २० हजार<br>➢ ३ वटा भैसीभन्दा वढीको हकमा प्रति भैसी रु २०००/-का दरले बढिमा ५० हजारसम्म | |
| ५ | उन्नत/वर्णशंकर गाई | कम्तिमा ३ वटा दुध दिने गाईपालन गरेको | ➢ ३ वटा गाईको लागि रु. २० हजार<br>➢ ३ वटा गाईभन्दा वढीको हकमा प्रति भैसी रु २०००/-का दरले बढिमा ५० हजारसम्म | |
| ६ | बाख्रा | कम्तिमा २५ वटा माउ बाख्रा व्यवस्थित रुपमा | ➢ २५ वटा बाख्राको लागि रु. २० हजार | |

चौरजहारी नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| | | पालन गरेको | ➢ २५ वटा बाख्राभन्दा वढीको हकमा प्रति बाख्रा रु १०००/-का दरले बढिमा ५० हजारसम्म | |
| ७ | भेडा | कम्तिमा २५ वटा भेडा व्यवस्थित रुपमा पालन गरेको | ➢ २५ वटा भेडाको लागि रु. २० हजार<br>➢ २५ वटा भेडाभन्दा वढीको हकमा प्रति भेडा रु १०००/-का दरले बढिमा ५० हजारसम्म | |
| ८ | स्थानीय जातको कुखुरा | कम्तिमा १०० वटा वयस्क कुखुरा व्यवस्थित रुपमा पालन गरेको | ➢ १०० वटा कुखुराको लागि रु. २० हजार<br>➢ १०० वटा कुखुराभन्दा वढीको हकमा प्रति कुखुरा रु १५०/-का दरले बढिमा ५० हजारसम्म | |
| ९ | लेयर्स कुखुरा | कम्तिमा ५०० वटा वयस्क कुखुरा व्यवस्थित रुपमा पालन गरेको | ➢ ५०० वटा कुखुराको लागि रु. २० हजार<br>➢ ५०० वटा कुखुराभन्दा वढीको हकमा प्रति कुखुरा रु १५०/-का दरले बढिमा ५० हजारसम्म | |
| १० | नगदेबाली (अलैंची, कफि, उखु) | कम्तिमा ३ रोपनी जमिनमा खेती गरेको | ➢ ३ रोपनीका लागि रु. २० हजार<br>➢ ३ रोपनी भन्दा बढीको हकमा प्रतिरोपनी रु २ हजारका दरले बढिमा ५० हजारसम्म | |
| ११ | खाद्यान्नबाली | कम्तिमा ७ रोपनी जमिनमा खेती गरेको | ➢ ७ रोपनीका लागि रु. २० हजार<br>➢ ७ रोपनी भन्दा बढीको हकमा प्रतिरोपनी रु २ हजारका दरले बढिमा ५० हजारसम्म | |
| १२ | दालबाली | कम्तिमा ३ रोपनी जमिनमा खेती गरेको | ➢ ३ रोपनीका लागि रु. २० हजार<br>➢ ३ रोपनी भन्दा बढीको हकमा प्रतिरोपनी रु २ हजारका दरले बढिमा ५० हजारसम्म | |

| | | | | |
|---|---|---|---|---|
| १३ | तेलबाली | कम्तिमा ३ रोपनी जमिनमा खेती गरेको | ➢ ३ रोपनीका लागि रु. २० हजार<br>➢ ३ रोपनी भन्दा बढीको हकमा प्रतिरोपनी रु २ हजारका दरले बढिमा ५० हजारसम्म | |
| १४ | मसलाबाली | कम्तिमा ३ रोपनी जमिनमा खेती गरेको | ➢ ३ रोपनीका लागि रु. २० हजार<br>➢ ३ रोपनी भन्दा बढीको हकमा प्रतिरोपनी रु २ हजारका दरले बढिमा ५० हजारसम्म | |
| १५ | माछापालन | कम्तिमा ३ रोपनी जमिनमा खेती गरेको | ➢ ३ रोपनीका लागि रु. २० हजार<br>➢ ३ रोपनी भन्दा बढीको हकमा प्रतिरोपनी रु २ हजारका दरले बढिमा ५० हजारसम्म | |
| १६ | मौरीपालन | कम्तिमा २० वटा आधुनिक घार | ➢ २० वटा घारको लागि रु. २० हजार<br>➢ २० भन्दा बढीको हकमा प्रतिघार रु १ हजारका दरले बढिमा ५० हजारसम्म | |

आज्ञाले,
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

गौरादह नगरपालिका